रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## साझेदारीमा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१०/०५

रिब्दीकोट गाउँपालिकाले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी गाउँ क्षेत्रमा रोजगारमुलक ,उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ " कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७७/७८ देखी सुरु गरी बहुवर्षिय रुपमा सञ्चालन गरिने रिब्दीकोट गाउँ क्षेत्रमा कृषि तथा पशु विकासमा आधारित परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र प्रस्तावना पेश गर्न आव्हान गरिएको छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन ।

प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछः-

- संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको ।
- स्वावलम्वन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धी काम गरेको ।
- सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको ।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मुल्यश्रृङ्खलाको क्षेत्रमा अनुभव भएको ।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रवद्धनमा काम गरेको अनुभव भएको ।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धी कार्य गरेको ।

प्रमुख प्रशासकीय अधिकृत

- कृषि तथा पशु विकास सँग सम्बन्धित स्रोत पुस्तिका, प्रसार सामाग्री, वृत्तचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको।
- कृषि र पशु विकास सम्बन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि काम गरेको।
- नेपाल सरकारका विभिन्न निकायहरु वा स्थानिय तह वा प्रदेश सरकारसंगको साझेदारी गरी काम गरेको अनुभव भएको।

लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले कम्तीमा परियोजना सँग सम्बन्धित सञ्चालन खर्च जस्तैः कर्मचारी तलव, भत्ता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदी आफैले व्यवस्थापन गनुपर्नेछ। संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिइने छ। संस्थाले यो परियोजनाको लागि रिब्दीकोट गाउँपालिकाको केन्द्रमा कार्यालय स्थापना गरी नियमित समन्वय मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। प्रस्ताव पेश गर्न इच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधि आदि वारे जानकारी गाउँपालिकाको कार्यालयवाट प्राप्त गर्न सक्नेछन्।

प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :-

- आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति।
- आ.व.०७६/०७७ को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति।
- स्थायी लेखा नम्वर र आ.व. ०७६/०७७ को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना गाउँपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ को अनुसुची १ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति।
- परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकाको वेवसाइट www.ribdikotmun.gov.np डाउनलोड गरि वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

- संयुक्त उपक्रममा प्रस्तावना पत्र पेश गर्ने संस्थाहरु विचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति।
- प्रस्तावना पेशगर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति ।

प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क ९८५७०७५३०७ मा सम्पर्क गर्न सकिने छ।

प्रेम चन्द्र अर्याल

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**